# माउन्टेन हाइड्रो नेपाल लि.

काठमाण्डौ -१३, ताहाचल

फोन नं.०१-५९०३४४२

## छैठौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७८।०९।०८

यस कम्पनीको मिति २०७८/०९/०७ मा बसेको संचालक समितिको निर्णय अनुसार कम्पनीको छैठौ वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका बिषयहरु माथि छलफल र निर्णय गर्न बस्ने भएको हुँदा सम्पुर्ण शेयरधनि महानुभावहरुको उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

### बार्षिक साधारण सभा हुने मिति, स्थान र समय

मितिः- २०७८/०९/२९ गते विहिबार

स्थानः- कालिमाटि व्याङ्क्युट (कालिमाटी सीता पेट्रोल पम्प सँगै)

समयः- बिहान ११:०० वजे ।

### छलफलका विषयहरुः-

१) अध्यक्षज्यु वाट आ.व. २०७७।७८ को कम्पनीको बार्षिक प्रतिवेदन प्रस्तुत गर्ने र सो माथि छलफल तथा स्वीकृत गर्ने ।

२) लेखा परिक्षकको प्रतिवेदन सहीतको आ.व. २०७७।७८ को वार्षिक आर्थिक विवरण (वासलात, नाफा नोक्सान हिसाव तथा नगद प्रवाह लगायत का वित्तिय विवरणहरु) माथि छलफल र स्वीकृत गर्ने ।

३) कम्पनीको आ.व. २०७८।७९ को लागि लेखापरिक्षक नियुक्ति गर्ने तथा पारिश्रमिक तोक्ने ।

४) सर्वसाधारण समुह बाट निर्वाचित संचालक श्री शिव प्रसाद त्रिपाठीले राजिनामा दिनुभई रिक्त भएको संचालक पद निर्वाचन द्धारा पुर्ति गर्ने ।

५) विविध

क) शेयर दाखिल खारिज बन्द गर्ने

ख) निर्वाचन अधिकृत तोक्ने

ग) कम्पनीको आर्थिक तथा प्रशासनिक विनियमावलि र निर्वाचन निर्देशिका स्वीकृतको लागि वार्षिक साधारण सभामा पेश गर्ने ।

### बार्षिक साधारण सभा सम्बन्धी जानकारीहरु

१) विश्वव्यापि रुपमा फैलिएको कोभिड-१९ महामारीको प्रभाव कायमै रहेकोले नेपाल सरकारले जारी गरेको सुरक्षा मापदण्डको पूर्ण पालना गरी सभा सम्पन्न गर्नुपर्ने विशेष परिस्थितिका कारण Virtual माध्यमवाट उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

२) Virtual माध्यमवाट उपस्थित शेयरधनीहरुलाई सभा हलमा उपस्थित भए सरह मान्यता दिईने छ । उपस्थित गणपुरक संख्या सभा संचालनको निमित्त निर्दिष्ट संख्या अनुसार पर्याप्त भए मात्र सभा संचालन हुनेछ ।

३) Virtual माध्यमवाट उपस्थित शेयरधनीहरुको हाजिर निजहरुले गरेको Login मार्फत सबैको Login भएको देखिने गरी प्रमाणको निमित्त फोटो खिचेर राखिने छ । साथै सभा संचालन अवधिभरीको भिडियो रेकर्डिङ्ग गरिनेछ ।

४) नेपाल स्टक एक्सचेन्ज मा २०७८।०९।१४ सम्मको कारोबार भई आफ्नो नाममा शेयर नामसारी भएका शेयरधनिहरु साधारण सभामा भाग लिन योग्य हुनेछन् । शेयरधनि महानुभावहरुको परिचय खुल्ने प्रमाणपत्र प्राप्त भएपछि सभामा भाग लिन कम्पनीबाट Meeting ID / Password कम्पनीको E-mail: mountainhydronepal@gmail.com मार्फत प्राप्त गर्न सकिने व्यवस्था गरिएको जानकारी गराउँदछौं । साथै अन्तिम समयमा सम्पर्क गर्दा शेयरधनीको पहिचान Verification गरि ID/ Password समयमै पठाउन आईपर्न सक्ने प्राविधिक कठिनाई वाट बच्न कम्तीमा ४८ घन्टा अगावै ID/ Password लिन समेत अनुरोध छ । सोहि E-mail Address मा साधारण सभाको प्रतिवेदन समेत पठाईने छ । साथै कम्पनीको Website : www.mhnl.com.np मा पनि हेर्न सकिने छ ।

५) Virtual माध्यमवाट आफ्नो मन्तव्य राख्न चाहनु हुने शेयरधनी महानुभाहरुले कम्तीमा २ दिन अगावै कम्पनी सचिव वा कम्पनीको आधिकारीक E-mail: mountainhydronepal@gmail.com मा सम्पर्क गरि नाम टिपोट गराउनु हुन अनुरोध छ ।

६) छैठौ वार्षिक साधारण सभा प्रयोजनको लागि कम्पनीको मिति २०७८ पुस १५ गते देखि २०७८ साल पुस २९ गते सम्म शेयरको दर्ता किताव दाखिल खारेज बन्द रहनेछ ।

७) छैठौ साधारण सभामा भाग लिन आफ्नो प्रतिनिधी नियुक्त गर्न चाहने शेयरधनीहरुले कम्पनी ऐनले तोकेको ढाँचामा वा वार्षिक प्रतिवेदन पुस्तिका मा रहेको प्रतिनिधी पत्र (प्रोक्सी) फारम अनुसार प्रतिनिधि नियुक्ती गरि पठाउनु पर्नेछ । तर प्रतिनिधी नियुक्त गर्नु भएका शेयरधनी आफै उपस्थित भई हाजिरी गरेमा प्रतिनिधी पत्र स्वतः बदर हुनेछ ।

८) एक भन्दा वढि व्यक्तिहरुको संयुक्त नाममा शेयर दर्ता रहेको अवस्थामा सर्व सम्मत वाट प्रतिनिधी चयन गरिएको १ जनाले मात्र वा लगत कितावमा पहिलो नाम उल्लेख भएको व्यक्तिले सभामा भाग लिन सक्नु हुनेछ । कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधीले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नुहुनेछ ।

९) कुनै शेयरधनि महानुभावहरुले छलफलका विषयहरु मध्ये विविध शिर्षक अन्तर्गत कम्पनी सम्वन्धि कुनै विषयमा छलफल गर्न गराउन चाहेमा सभा हुनु भन्दा ७ कार्य दिन अगावै कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्ष लाई लिखित रुपमा प्रस्ताव दिनुपर्नेछ । तर त्यस्तो प्रस्ताव साधारण सभामा छलफल वा वहसको रुपमा समावेश गर्ने वा नगर्ने अधिकार संचालक समितिको अध्यक्षमा निहित हुनेछ ।

१०) सर्वसाधारण समुह बाट निर्वाचित संचालक श्री शिव प्रसाद त्रिपाठीले राजिनामा दिनुभई रिक्त भएको संचालक पद सोहि समुहका शेयरधनिहरुबाट निर्वाचन द्धारा पुर्ति गरिने छ ।

११) कम्पनीको आर्थिक तथा प्रशासनिक विनियमावलि र निर्वाचन निर्देशिका स्वीकृत गर्ने ।

१२) साधारण सभा सम्वन्धित अन्य कुराहरु तथा निर्वाचन सम्वन्धि जानकारी आवश्यक भएमा कार्यालय समयमा कम्पनीको प्रधान कार्यालय ताहाचल, कालिमाटी काठमाण्डौमा सम्पर्क राखि वा कम्पनीको Website: www.mhnl.com.np वाट प्राप्त गर्न सक्नु हुनेछ ।

**संचालक समितिको आज्ञाले**

**कम्पनी सचिव**